## २०७४ साल चैत्र ५ गते ऐसेलुखर्क गाउँपालिकाको निर्णयहरु :-

निर्णय नं.१:- प्रस्ताब नं. १ माथि छलफल गर्दा यस गाउँपालिका गाउँकार्यपालिका बैठकले हालको मिति सम्म भए गरेको सम्पूर्ण निर्णयहरु गाउँ सभामा जानकारी गराउने र अनुमोदनको लागि पेश गर्ने र हाल सम्म वडा वडा मा भए गरेको बिकाश निर्माणको बारेमा सबै वडाका वडा सदस्यहरु मार्फत सभा समक्ष जानकारी गराउने निर्णय गरियो|

निर्णय नं.२:- प्रस्ताब नं. २ माथि छलफल गर्दा घरेलु तथा साना उधोग विकास समिति खोटाङ्ग र गाउँपालिकाको साझेदारीमा संचालन हुने ढाका बुनाइ तालिम मिति २०७४ चैत्र ०९ गते देखि संचालन गर्ने र तालिममा सहभागीहरु लाई दैनिक रु ४५० (चार सय पचास ) सहभागी भत्ता उपलब्ध गराउने र सो बापतको रक महिला क्षमता अभिब्रिद्दी कार्यक्रम शिर्षक बाट उपलब्ध गराउने निर्णय गरियो |

निर्णय नं.३:- प्रस्तान नं. ३ माथि छलफल गर्दा महिला अधिकार मन्च ले बिराटनगरमा गरेको कार्यक्रममा सहभागिता जनाए बापत सो कार्य लाई सहायोग स्वरूप भुक्तानी गरेको रु १०,००० (दश हजार) मात्र रकम बिलको आधारमा भुक्तानी गर्ने निर्णय गरियो |

निर्णय नं.४:- प्रस्ताब नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकामा कार्यरत कर्मचारिहरु प्र.प्र.अ. जीवन निरौला, ना.सू. युबराज फुयल, स.ले.प. गणेश खड्का र का.स. खड्ग बहादुर निरौलाले कार्यालय समय बाहेकको समयमा समेत कार्यालयको कामकाज गरेबापत मासिक तलबको ५०%(पचास प्रतिशत) २०७४ श्रावण महिना देखिको रकम भुक्तानी गर्ने साथै आयोजना ब्यबस्थापन खर्च बापत प्राप्त रकम बाट गा.पा अध्यक्ष, उपध्यक्ष र कार्यपालिकाका सबै सदस्यहरुलाई योजना अनुगमन प्रतिबेदनका आधारमा २०७४ श्रावण देखि मासिक क्रमश: रु १०,०००, ८,००० र ५,००० (दश हजार, आठ् हजार र पाँच हजार ) भुक्तानी दिने सर्ब सहमतिबाट निर्णय गरियो |